# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८) पञ्चकन्या, चैत्र महिना १७ गते, २०८१ साल (संख्याः १३**

**भाग–२**

निशुल्क अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक वितरण मापदण्ड,२०८१

**प्रस्तावना**

पञ्चकन्या गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अङ्ग्रेजी भाषा सिकाइ सक्षमता विकास गर्न, अङ्ग्रेजी भाषाको माध्यमबाट पढाइ खोज्ने विद्यार्थी र अभिभावकको चाहना पूरा गर्न एवं यसै कारण गाउँपालिकाभित्रका बालबालिका अध्ययनको लागि अन्यत्र टाढाका विद्यालयमा जानुपर्ने अवस्थाको अन्त्य गर्न गाउँपालिकाले आवश्यक बजेट विद्यालयमा निकासा दिनको लागि पञ्चकन्या गाउँपालिकाको शिक्षा ऐन,२०८१ दफा ४७ को उपदफा १(च) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ११ उपधारा २ को बुँदा नं ज(१०) को मर्मलाई समेत ध्यानमा राखी यो मापदण्ड जारी गरिएको छ।

*कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/१२/१७*

१. **संक्षिप्त नाम, क्षेत्र र प्रारम्भः**

क) यो मापदण्डको नाम निशुल्क अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक वितरण मापदण्ड,२०८१ रहेको छ।

ख) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हनेछ।

ग) यो मापदण्ड पञ्चकन्या गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ।

२. **पाठ्यपुस्तक प्रकाशक र मुद्रक**

पाठ्यक्रम विकास केन्द्रबाट PRC तयार भई जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नेपाल सरकारबाट अनुमति प्राप्त मुद्रकबाट छपाई अङ्ग्रेजीमा अनुवादित पाठ्यपुस्तक मात्र विद्यालयले खरिद गरि विद्यार्थीलाई वितरण गरिने छ।सो बाहेक अन्य प्रकाशनका पाठ्यपुस्तकहरु खरिद गर्न पाइने छैन।अन्यथा गाउँपालिकाले विद्यालयलाई भुक्तानी गर्नेछैन।

३. **निकासा र भुक्तानी प्रक्रिया**

क. सम्बन्धित शैक्षिक सत्रको लागि पाठ्यपुस्तकको लागि अनुदान रकम उपलब्ध गराउँदा अघिल्लो शैक्षिक सत्रमा सम्बन्धित विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या र पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्यसूचीको आधारमा हुन आउने रकमको ७५% रकम अग्रिम रुपमा गाउँपालिकाले विद्यालयको खातामा निकासा गर्ने।

ख. बाँकी अपुग रकम विद्यालयले पाठ्यपुस्तक खरिद र वितरण गरिसकेपश्चात विद्यालयबाट प्राप्त बिल/भर्पाइका आधारमा सोधभर्ना भक्तानी दिने।

४. **पाठ्यपुस्तकको दररेट**

विद्यालयले पाठ्यपुस्तक खरिद गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दररेटभित्र रही खरिद गर्नुपर्नेछ।सो भन्दा बढिको दररेटले खरिद गर्न पाउने छैनन् र यदि खरीद गरेमा बढि रकमको भुक्तानी हुनेछैन।

५. **पाठ्यपुस्तक छनौटः** विद्यालयलाई आवश्यक पाठ्यपुस्तक पहिचान गाउँपालिका शिक्षा शाखा प्रमुखले गरी सो अनुसार आवश्यक रकम विद्यालयमा निकासाको लागि प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नुपर्नेछ।

६. **पठनपाठन र परीक्षा**

गाउँपालिकाले शिक्षा शाखाले तोकेका विषयमा सम्बन्धित विषय शिक्षकले अङ्ग्रेजी र नेपाली दुवै माध्यममा अध्यापन गराउनुपर्नेछ।परीक्षामा प्रश्नपत्र अङ्ग्रेजी र नेपाली दुवै माध्यमबाट सोध्नुपर्नेछ।विद्यार्थीले जुनसुकै माध्यममा उत्तर लेखेपनि अंक प्रदान गर्नुपर्नेछ।

७. **पुरानो पाठ्यपुस्तक प्रयोगको लागि प्रोत्साहन सम्बन्धि व्यवस्थाः**

अघिल्लो वर्षको कुनै विद्यार्थीले प्रयोग गरेको पाठ्यपुस्तक पछिल्लो वर्षको कुनै विद्यार्थीलाई आपसी समझदारीमा हस्तान्तरण गरेमा निजहरुलाई जनही सो पाठ्यपुस्तकको सुरु मूल्यको २५% रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ।सो को लागि विद्यालयले सहजीकरण गर्नुपर्नेछ।

**आज्ञाले**
**कृष्णहरि पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**